## निति तथ कार्यक्रमहरु
## २०७५/०७६

यस गाउँसभाका सम्मानित सदस्यज्यूहरु, अब म यस सम्मानित गाउँसभा समक्ष आगमी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक शासन व्यवस्था, जनताको मौलिक हकको ग्यारेन्टी, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता, आर्थिक समृद्धि, समानता, सामाजिक न्याय एवं सबै प्रकारका भेदभावको अन्त्यको निम्ति सात दशकदेखि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा ज्यान गुमाउनु भएका ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको ऐतिहासिक निर्वाचन सम्पन्न भए पश्चात आ.व. २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रमलाई सहज र प्रभावकारी रुपमा सम्पन गर्नको लागि अहोरात्र खटी सहगोग गर्नु हुने गाउँ कार्यपालिकाको सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, पालिकाभित्रका सबै निकायका सरोकारवाला ज्यूहरुलाई आजको यस सम्माननीय गाउँसभाबाट हार्दिक कृतज्ञता व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

नेपालको केन्द्रीकृत शासन प्रणालीको व्यवस्थालाई परित्याग गर्दै संघीय शासन प्रणालीमा प्रवेश गर्ने दिशातर्फ हामी अग्रसर छौं । सम्पूर्ण स्थानीय तहको लागि संघीय शासन प्रणाली नौलो छ । तर यसलाई सफलताका सथा कार्यान्वयन गर्न सक्यौं भने वास्तविक लोकतान्त्रिक गणतन्त्रको आधारशिलाको रुपमा स्थापित गर्दै आफ्नो स्थानीय तह आफै बनाउन सफल हुनेछौं । जसका कारण सकारात्मक परिवर्तनको दिशामा अघि बढ्दै सुखी मानेभञ्ज्याङ्गबासी समृद्ध मानेभञ्ज्याङ्ग निर्माण गर्न सफल हुने विश्वास गर्दछौं । यसका लागि मानेभञ्ज्याङ्ग गाउँपालिका भित्र रहेका सबै राजनीतिक दल, बौद्धिक व्यक्तित्व व्यवसायी संघ संस्थाहरु र आम जनसमुदायको तर्फबाट निरन्तर सहयोगको लागि अपिल गर्दछु ।

मानेभञ्ज्याङ्ग गाउँपालिकाको समग्र विकास, उन्नती र प्रगतिको लागि आगमी आ.व. २०७५/०७६ का लागि प्रस्तावित नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्दछु ।

यस गाउँसभाका सम्मानित सदस्यज्यूहरु, अब म यस सम्मानित गाउँसभा समक्ष आगमी आर्थिक वर्ष २०७५/०७६ को क्षेत्रगत रुपमा वार्षिक नीति तथा कार्यक्रमलाई प्रस्तुत गर्न अनुमति चाहान्छु ।

### आर्थिक विकास

१. सरकारी, सहकारी र निजी ३ खम्बे आर्थिक नीति अवलम्बन गरिनेछ । ग्रामिण क्षेत्रको विकासको मेरुदण्ड कृषि नै रहेको हुँदा कृषि उत्पादन बृद्धि गर्नका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । वीउ उत्पादन क्षेत्र घोषणा गरी वीउ उत्पादन कार्य शुरु गरिनेछ ।

२. भू-उपयोग नीतिको आधारमा कृषिको आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर गराउन आर्थिक र सामाजिक रुपले पछि परेका कृषक केन्द्रीत कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकाय र कृषकको सम्बन्ध जोडेर कृषिमा आत्मनिर्भर गराउने नीति लिएकोछु ।

३. जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि भूमिमा पानी सिंचाईमा लगानीको नीति अनुरुप कार्य गरिनेछ । उन्नत मल बीउ र औजारमा अनुदानको नीति लिइनेछ । किसानबाट उत्पादित वस्तुको बजार व्यवस्थापन गर्नका लागि ९ वटै वडाहरुलाई क्रियाशिल गराइनेछ ।

४. सहकारी क्षेत्रलाई **"आर्थिक समृद्धि-जनताको जीवनस्तरमा बृद्धि"** कृषिको व्यावसायीकरण र रोजगारी अभिबृद्धिको माध्यमका रुपमा अगाडि बढाईनेछ ।

५. स्थानीयस्तरमा व्यापारी, निर्माण व्यवसायीहरुको समन्वयमा मानेभञ्ज्याङ्ग उद्योग वाणिज्य संघ इकाई गठन गरी स्वारोजगार कार्यक्रममा जोड दिँदै युवा जनशक्तिलाई स्थानीय क्षेत्रमा नै काम गर्ने वातावरण सिर्जना गर्ने नीति लिएकोछु । परम्परागत रुपमा सञ्चालन गर्दै आईरहेको घरेलु उद्योगहरुलाई व्यावसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

६. मानेभञ्ज्याङ्ग गाउँपालिकालाई आत्म निर्भर बनाउनु तपाई हाम्रो सबैको कर्तव्य हो । कानूनको अधिनमा रही एकिकृत सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, सवारी साधन कर, निर्माण सामग्री कर, मनोरञ्जन कर, विज्ञापन कर, आदि करहरुलाई कार्यान्वयनमा ल्याइनेछ ।

७. पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार बन्दै आएको सन्दर्भलाई नजर राख्दै मानेभञ्ज्याङ्ग गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सबै प्राकृतिक सौन्दर्य युक्त स्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यटन उद्योगको विकास गर्दै लगिनेछ ।

सामाजिक विकास

८. स्वस्थ्य शिक्षित र सभ्य नागरिक तयार गर्नु हामी सबैको दायित्व हो । गुणस्तरीय शिक्षा र स्वास्थ्यमा गाउँपालिकावासी सबैको पहुँज पुगोस् भन्ने कुरामा ध्यान दिँदै सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई अनिवार्य गर्ने, लाईब्रेरी स्थापना गर्ने, सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी बनाउन प्रभावकारी अनुगमन र प्रतिफलमुखी जवाफदेहिताको वातावरण सिर्जना गरिनेछ ।

९. गाउँपालिकाको केन्द्रमा रहेको भगवती माध्यमिक विद्यालयलाई बहुमुखी क्याम्पसको रुपमा विकास गराईनेछ । बाँकि रहेको माध्यमिक विद्यालयहरुलाई क्रमागत रुपमा विकास तथा सुधार गरिनेछ ।

१०. स्वास्थ्य सबैभन्दा ठूलो सम्पत्ति हो । स्तरीय स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो, संविधान प्रदत्त मौलिक हक पनि हो । यसैलाई मध्येनजर गर्दै गाउँपालिका केन्द्रमा १५ शैयाको एक आधुनिक अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य चौकी स्थापना गर्ने नीति लिएकोछु ।

११. सुरक्षित मातृत्व कार्यक्रमलाई सफल बनाउदै शिशु मृत्यूदर न्यून स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ । उपचारात्मक कार्य भन्दा निवारक र प्रवर्धनात्मक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१२. हाम्रो परिकल्पना समृद्ध मानेभञ्ज्याङ्ग गाउँपालिका हुनेछ । व्यवस्थित र समृद्ध गाउँ निर्माणमा सेवा क्षेत्र भित्रका आर्थिक सामर्थ्यको पहिचान र परिचालनमा विशेष जोड ढिदै समाजमा पछि परेका वर्ग समुदायहरुलाई माथि उठाउने कार्यक्रम सञ्चालन गर्ने नीति लिएकोछु । हरेक वडामा भौगलिक

अवस्थाको अध्ययन गरी एक नमूना वस्तीको परिकल्पना गरी वडा समितिले कार्य गर्नुपर्ने योजना बनाईनेछ । साथै आगमी एक वर्षभित्र मानेभञ्ज्याङ्ग गाउँपालिकालाई सुकुम्बासी मुक्त क्षेत्र घोषणा गर्ने नीति लिएकोछु ।

१३. मानेभञ्ज्याङ्ग गाउँपालिकाको पाश्र्वचित्र (Village Profile) र श्रोत नक्साङ्कन तयार गरी ६ महिना भित्र गुरुयोजना तयार गरिनेछ । जसमा अल्पकालिन, मध्यकालिन र दिर्घकालिन गरी आवधिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१४. स्वच्छ खानेपानी पिउनु प्रत्येक नागरिकको हक हुनेछ । सोही अनुसार व्यवस्थापकिय जिम्मेवारी गाउँपालिकाको सम्झी स्थानीय स्तरमा भएको पानी मूलको खोज गर्ने, संरक्षण गर्ने र स्वच्छ खानेपानीको व्यवस्था गर्ने नीति लिएकोछु ।

१५. हरेक टोलमा टोल विकास समिति गठन गरी टोल विकास, वातावरणीय सरसफाई, सामाजिक समावेशीकरण लगायत विविध कार्यक्रम सक्रिय बनाउने नीति लिईनेछ । साथै विकास निर्माण कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. खेलप्रमी युवाहरुलाई सक्षम खेलाडी-खेलकूद प्रतिस्पर्धाद्धारा शारीरिक, मानसिक र सामाजिक रुपमा तन्दुरुस्त राख्न, सामुहिक भावनाको विकास गर्न र अनुशासित जीवनका विकास गर्ने उद्देश्य राखी खेलप्रमीले भाग लिन सक्ने गरी व्यवस्थित खेल मैदान र पार्क निर्माण गर्दै लग्ने नीति लिएकोछु । भलिबल, फुटबल, व्याडमिन्टन, कराते आदि खेललाई विशेष प्राथमिकतामा राखी उक्त खेलहरुलाई प्रोत्साहन गर्ने नीति लिएकोछु ।

१७. सबै जाति, भाषा, धर्म, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै धार्मिक सहिष्णुतालाइ बलियो बनाउँदैं आ-आफ्नो पहिचान कायम राख्न सहयोग गरिनेछ ।

१८. लैंगिक समानता र सामाजिक समावेशीकरणलाई ध्यानमा राख्दै समतामूलक समाजको निर्माण गर्ने, समाजमा रहेका सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने नीति लिएकोछु ।

१९. जेष्ठ नागरिक हामी सबैका प्रेरणाका श्रोत हुन् । उहाँहरुको मान मर्यादा र सम्मान गर्नु हामी सबैको कर्तव्य हो । उपयुक्त स्थानहरुमा जेष्ठ नागरिक आवस गृह, पार्क, वाचनालय आदि निर्माण गरी उहाँहरुलाई विश्राम, मनोरञ्जन र निःशुल्क आवासको सुविधा उपलब्ध गराउने नीति लिएकोछु ।

२०. महिला शशक्तिकरण एवं् महिला सहभागितामा बृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनमा विशेष जोड दिइनेछ ।

पूर्वाधार विकास

२१. स्थानीय तहको सडकको मापदण्ड तय गरी गाउँपालिका भित्रका सबै टोल बस्तीमा सडक सञ्जाल निर्माण गर्न विशेष जोड दिईनेछ । गाउँपालिका केन्द्र र सो अन्तर्गतको वडा कार्यालयसम्म आउने जाने मूख्य सडकहरुलाई कालेपत्रे गर्दै लैजाने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

२२. गाउँपालिकाको गौरवको योजना **मोली वाक्सा उवुँ र मानेभञ्ज्याङ्ग सडक** खण्डलाई **"समावेशी ग्रामिण सडक"** नामाकरण गरी ट्र्याक खोल्ने, स्तर उन्नती र ग्राविल गर्ने कार्यमा विशेष जोड दिईनेछ ।

२३. कृषि भूमिमा पानी सिंचाईमा लगानी  भन्ने अवधारणा अनुरुप गाउँपालिका भित्रका खेतीयोग्य जमिनहरुमा सिंचाईको प्रबन्ध मिलाउने नीति लिएकोछु ।

२४. "**दिगो र पर्यावरण मैत्री विकास-हरियाली युक्त वस्ती र सुरक्षित आवास**" भन्ने कार्यक्रमलाई आत्मसाथ गर्दै गाउँपालिका सदरमुकाम लगायत सबै वडामा रहेका आवासयोग्य स्थानहरुमा एकिकृत वस्ती विकासको कार्यक्रमलाइृ अघि बढाउँदै साना शहरको रुपमा विकास गर्ने नीति लिएकोछु । यसरी वस्ती विकास गर्दै गर्दा जैौवक विविधताको संरक्षण, जलवायु प्रणालीलाई सन्तुलित र प्राकृतिक श्रोतहरुको दीगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई परिचालित गरिनेछ ।

२५. स्थानीय मोलङ खोलामा बग्ने पानीको स्थायी बहाबको अध्ययन गरिनेछ । संभाव्यताको आधारमा भविष्यमा घरघरमा विजुली जनजनमा शेयरको नीति अनुरुप जनताको साझेदारीमा विद्युत उत्पादन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

२६. गाउँपालिकाभित्रका सबै वस्तीहरुमा सूचना तथा संचार र प्रविधिको पहुँच पुऱ्याउन प्रबन्ध मिलाउनु साथै सामुदायिक रेडियो, एफ.एम सञ्चालनका लागि पहल गरिनेछ । जसमा स्थानीय व्यापारी उद्योगी र जनताको संयुक्त लगानीलाई प्राथमिकता दिइनेछ ।

२७. "**सबैलाई सहज र सजिलो-घरघरमा उज्यालो**" भन्ने मूल नाराका साथ मानेभञ्ज्याङ्ग गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा केन्द्रीय विद्यूत प्रशारण लाईन विस्तार गर्ने कार्य ९ वटै वडालाई प्राथमिकता दिइनेछ । यस गाउँपालिकाकामा उत्पादन हुन सक्ने साना तथा लघुजलविद्युत आयोजनालाई प्राथमिकता दिदैं आगमी दुई वर्षभित्र प्रत्येक नागरिकको घरमा विजुली बत्ती पुऱ्याउने नीति लिएकोछु ।

वातावरण तथा विपद् व्यवस्थापन

२८. महत्वपूर्ण वनस्पती, जडीबुटी, अन्य पैदावर विस्तारमा जोड दिइनेछ । वनलाई वातावरण एवं् जलवायु मैत्री पूर्वाधारको रुपमा अगाडि बढाउँदै वन संरक्षणको नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सीमसार र जलाधार  क्षेत्रको संरक्षण गर्ने, बगैंचा, बृक्षारोपण, हरियाली प्रवर्द्धन र सार्वजनिक सौन्दर्य अभिबृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. स्थानीय नदी, खोला, पोखरी, ताल तलैया, धार्मिक स्थल, खानेपानी मुहान, खुला क्षेत्र, सडक, टोल वा अन्य सार्वजनिक क्षेत्रहरुमा सफाई सुनिश्चित गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि नीतिगत कार्यहरुको थालनी गरिनेछ ।

३०. प्राकृतिक विपद्बाट हुने भौतिक तथा मानवीय क्षति न्यूनिकरण गर्न आवश्यक कार्यहरु गरिनेछ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

३१. यस गाउँपालिका तहमा आधुनिक र साधनश्रोत सम्पन्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ । स्थानीय तहका सबै सूचनाहरु अनलाईन मार्फत् राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रवाहित गरी ग्रामिण पर्यटन विकासमा सहयोग पुऱ्याउनेछ । यो कार्यक्रमलाई वडा तहसम्म विस्तार गरिनेछ । सबै बिद्यालय, प्रशासनिक भवन, सभा भवन, स्वास्थ्य चौकी, सुरक्षा निकाय र सेवाकेन्द्रहरुमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने नीति लिएकोछु ।

३२. पारदर्शिता, जवाफदेहिता, जनमुखी र मुस्कान सहितको सार्वजनिक सेवा प्रवाहका निम्ति कर्मचारी व्यवस्थापन एवम् क्षमता अभिबृद्धिमा विशेष जोड दिईनेछ ।

३३. गाउँपालिकाभित्र रहेका सबै सरकारी तथा गैरसरकारी संघ-सस्थाहरुको तथ्याङ्क संकलन गरी तिनको क्षमता अभिबृद्धि गर्नका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र सामाजिक विकास कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

३४. संविधानमा व्यवस्था भए बमोजिम गाउँपालिकाका निर्वाचित उपाध्यक्षको संयोजकतमा न्यायिक समितिद्धारा सम्पादन गरिने कार्यक्रमहरुलाई सहज, सरल र निःशुल्क कानूनी परामर्श तथा सहयोगको व्यवस्था गरिनेछ । समाजमा अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

३५. स्थानीय तहको प्रशासनिक संरचना, न्यूनतम दरबन्दी संख्या र कर्मचारी समायोजन सम्बन्धी नीतिगत व्यवस्था गरी आन्तरिक कर्मचारी व्यवस्थापनलाई प्राथमिकता दिईनेछ ।

३६. राष्ट्रिय एकता र भौगलिक अखण्डतामा आँच पुऱ्याउन सक्ने कुनै पनि विभाजनकारी र विखढडनकारी क्रियाकलापलाई कानूनको दायरामा ल्याइनेछ । जनतामा देशभक्ति र राष्ट्रिय हितको चेतना फैलाउँदै राष्ट्रिय स्वाधिनता र स्वाभिमानको रक्षा गरिनेछ ।

यस गाउँसभाका सम्मानित सदस्यज्यूहरु, अब म यस सम्मानित गाउँसभा समक्ष आगमी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि त्यसै अनुरुपको बजेटको व्यवस्था गरेकोछु । जसलाई अब म संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु :

१. आगमी आर्थिक वर्ष २०७५/०७६ को लागि कूल बजेट रु. ३३ करोड ९४ लाख २५ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालू खर्च तर्फ रु. २४ करोड २३ लाख ५५ हजार अर्थात् ७१.४० प्रतिशत र पूजीगत खर्चतर्फ रु. ९ करोड ७० लाख ७० हजार अर्थात् २८.६० प्रतिशत रहेको छ । नेपाल सरकारबाट प्राप्त शसर्त अनुदानको रकम र सामाजिक सुरक्षा तर्फको रकम चालू खर्च अन्तर्गत राखिएकोले चालू खर्चको अंश बढी देखिन गएको हो ।

अन्त्यमा, आ.व. २०७५/०७६ का लागि यस मानेभञ्ज्याङ्ग गाउँपालिकाको तर्फबाट पेश गरिएको नीति तथा कार्यक्रम र बजेट माथि छलफल गरी केही अपूर्ण भएका महत्वपूर्ण सुझाव सहित पारित गरिदिनु हुन अनुरोध गर्दछु ।

धन्यवाद

जय मानेभञ्ज्याङ्ग गाउँपालिका